# फिलेमोनलाई पावलको पत्र

1 ख्रीष्ट येशूको सुसमाचार प्रचार गरेको कारण कैदी पावल र हाम्रा भाइ
तिमोथीबाट,
हामीहरूका प्रिय मित्र र सहकर्मी फिलेमोन, 2 हाम्री बहिनी अफिया, हाम्रा
सङ्गी-सिपाही अर्खिप्पस र तिम्रो घरमा भेट हुने मण्डलीलाई:
3 हाम्रा परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति!

## धन्यवाद ज्ञापन र प्रार्थना

4 जब म तिमीलाई प्रार्थनामा स्मरण गर्दछु, तब परमेश्वरलाई सधैँ धन्यवाद
चढाउँछु;
5 किनकि म प्रभु येशूमा भएको तिम्रो विश्वास र सबै सन्तहरूप्रति भएको तिम्रो
प्रेमको विषयमा सुन्दछु।
6 ख्रीष्टमा भएको हाम्रो प्रत्येक असल कुराको विषयमा तिमीलाई पूरा ज्ञान होस्
भनेर तिम्रो विश्वासको बाँडचुँडमा तिमी सक्रिय बन भन्दै म प्रार्थना गर्दछु।
7 तिम्रो प्रेमले मलाई धेरै आनन्द र उत्साह दिएको छ; साथै हे मेरा भाइ, तिमीले
सन्तहरूका हृदयलाई पनि यही प्रेमले ताजा बनाएका छौ।

## ओनेसिमसको निम्ति पावलको बिन्ती

8 यसकारण तिमीले जे गर्नुपर्नेथियो, सो गर्नू भनी ख्रीष्टमा साहसी भएर मैले
तिमीलाई आज्ञा गर्न सक्नेथिएँ;
9 म, वृद्ध पावल, जो अहिले ख्रीष्ट येशूको कारण कैदी, प्रेमको आधारमा
तिमीलाई बिन्ती मात्र गर्दछु।
10 म तिमीलाई मेरो छोरा ओनेसिमसको* लागि बिन्ती गर्दछु, जो कैदमा हुँदा
ख्रीष्टमा मेरो आत्मिक छोरा भए,
11 जो कुनै समय तिम्रो लागि बेकम्मा थिए, तर अब ऊ तिम्रो र मेरो निम्ति
कामलाग्दो भएका छन्।
12 मैले उसलाई तिमीकहाँ पठाउँदैछु, जो मेरो हृदयको टुक्रासमान हुन्।

* **1:10** ओनेसिमसको अर्थ उपयोगी

13 सुसमाचारको कारण म कैदमा हुँदा मलाई सघाउनलाई उसले तिम्रो स्थान
लेओस् भनेर मैले उसलाई मसँग राख्न रुचाएको थिएँ;
14 तर तिमीले देखाएको कुनै पनि भलाइ करमा परेर होइन, तर स्वेच्छापूर्वक
होस् भनेर मैले तिम्रो अनुमतिविना केही पनि गर्न चाहिनँ।
15 सायद ऊ केही समयको लागि तिमीदेखि अलग भएको कारणचाहिँ तिमीले
उसलाई सधैँको लागि फेरि भेट्टाउनलाई होला।
16 दासको रूपमा होइन, तर दासभन्दा पनि अझ बढ़ता, एक प्रिय भाइजस्तै।
ऊ मेरा निम्ति अति प्रिय छ, तर तिम्रो निम्ति ऊ एक मानिसको रूपमा र प्रभुमा एक
भाइभन्दा पनि अझ प्रिय छ।
17 यसकारण यदि तिमीले मलाई एक साझेदार सम्झन्छौ भने तिमीले जस्तो
मलाई स्वागत गर्नेथियौ, त्यस्तै गरी उसलाई पनि स्वागत गर।
18 यदि त्यसले तिम्रो केही हानि गरेको छ वा त्यो केही कुरामा तिमीप्रति ऋणी
छ भने त्यो मेरो हिसाबमा राखिदेऊ।
19 म पावल, आफ्नै हातले यो लेख्दैछु। त्यो ऋण म स्वयम् तिरिदिनेछु। यो
भनिरहनु नपर्ला कि तिमी आफैँ पनि मप्रति ऋणी छौ।
20 प्रिय भाइ, प्रभुको निम्ति मलाई तिमीबाट केही फाइदा होस् भनी म इच्छा
गर्छु; ख्रीष्टमा मेरो हृदयलाई फेरि ताजा पारिदेऊ।
21 तिम्रो आज्ञाकारिताको कारण निश्चिन्त भएर मैले भनेको भन्दा बढी तिमीले
गर्नेछौ भनी जानेर म यो लेख्दैछु।
22 अनि अझ अर्को कुरा, मेरा निम्ति एउटा पाहुनाकोठा तयार गरिराख;
किनकि तिम्रो प्रार्थनाको उत्तरमा मैले तिमीकहाँ आइपुग्ने आशा राखेको छु।

23 ख्रीष्ट येशूमा मेरा सङ्गी-कैदी इपाफ्रासले तिमीलाई अभिवादन पठाएका
छन्।
24 अनि यसरी नै मेरा सहकर्मी मर्कूस, अरिस्तार्खस, डेमास र लूकाले पनि
अभिवादन पठाएका छन्।

25 प्रभु येशू ख्रीष्टको अनुग्रह तिम्रो आत्मासँग रहोस्!

# Biblica® नेपाली समकालीन सर्वसुलभ संस्करण

## Nepali: Biblica® नेपाली समकालीन सर्वसुलभ संस्करण (Bible)

copyright © 1998, 2006, 2021, 2024 Biblica, Inc.

Language: नेपाली

Contributor: Biblica, Inc.

This work is made available under the Creative Commons Attribution-ShareAlike 4.0 International License (CC BY-SA). To view a copy of this license, visit https:// creativecommons.org/ licenses/ by-sa/ 4.0 or send a letter to Creative Commons, PO Box 1866, Mountain View, CA 94042, USA.
You have permission to copy and distribute this Work, as long as you do not change it and you keep the title as it is. Changing or translating this Work will create a derivative work. When you publish this derivative work, you must list what changes you have made where people can see them, such as on a website. You must also show where the original Work is from: "The original Work by its copyright holders is available for free at www.biblica.com and open.bible."
Notice of copyright must appear on the title or copyright page of the work as follows:
[Technology consultant will insert copyright and trademark statements from above.]
Biblica® नेपाली समकालीन सर्वसुलभ संस्करण™
प्रतिलिपि अधिकार © 1998, 2006, 2021, 2024 Biblica, Inc.
Biblica® Open Nepali Contemporary Version™
Copyright © 1998, 2006, 2021, 2024 by Biblica, Inc.
"Biblica" संयुक्त राज्य अमेरिका पेटेन्ट एण्ड ट्रेडमार्क अफिसमा Biblica, Inc. द्वारा दर्ता गरिएको ट्रेडमार्क हो। अनुमतिसहित प्रयोग गरिन्छ।
"Biblica" is a trademark registered in the United States Patent and Trademark Office by Biblica, Inc. Used with permission.
You must also make your derivative work available under the same license (CC BY-SA).
If you would like to notify Biblica, Inc. regarding your translation of this work, please contact us at https://open.bible/#feedback.
This translation is made available to you under the terms of the Creative Commons Attribution Share-Alike license 4.0.
You have permission to share and redistribute this Bible translation in any format and to make reasonable revisions and adaptations of this translation, provided that:
You include the above copyright and source information.

If you make any changes to the text, you must indicate that you did so in a way that makes it clear that the original licensor is not necessarily endorsing your changes.

If you redistribute this text, you must distribute your contributions under the same license as the original.

Pictures included with Scriptures and other documents on this site are licensed just for use with those Scriptures and documents. For other uses, please contact the respective copyright owners.

Note that in addition to the rules above, revising and adapting God's Word involves a great responsibility to be true to God's Word. See Revelation 22:18-19.

2025-01-02

---

PDF generated using Haiola and XeLaTeX on 3 Jan 2025 from source files dated 3 Jan 2025
8f6ae262-65bd-5cfc-9a1c-95cf143fad16